# विनियोजन ऐन, २०७५

मायादेवी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

पकडी, कपिलवस्तु

# मायादेवी गाउँपालिकाको विनियोजन ऐन

**मायादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५।३।३०

**प्रस्तावना :**

मायादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मायादेवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः**

**(१)** यस ऐनको नाम " मायादेवी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार** :

. (१) आर्थिकवर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,१३,८६०००/०० (अक्षरेपी छियालिस करोड तेह्र लाख छियासी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

**(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मायादेवी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन

देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा

एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याजभुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रु. (हजारमा)

| क्र.स. | शिर्षक | जम्मा | चालु | पुजीगत |
|---|---|---|---|---|
| १ | संचित कोष | २०००० | ५००० | १५००० |
| २ | शशर्त अनुदान | १२३२०० | १२३२०० | ० |
| ३ | वित्तिय समानिकरण | २३०२५३ | ६१८९५ | १६८३५८ |
| ४ | प्रदेश अुनुदान | ११६०६ | ६८१७ | ४७८९ |
| ५ | प्रदेश अुनुदान शशर्त | ९६०० | ० | ९६०० |
| ६ | आन्तरिक राजस्व | ५००० | ५००० | ० |
| ७ | सामाजिक सुरक्षा | ६०००० | ६०००० | ० |
| ८ | बहुक्षेत्रीय पोषण | १७२७ | १७२७ | ० |
| जम्मा | | **४६१३८६** | **२६३६३९** | **१९७७४७** |

**शशर्त अनुदान अन्तर्गतका विषयगत बजेट :**

| क्र.स. | विषयगत क्षेत्र | बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा पशु विकास | ४०९२ | |
| २ | बन तथा वातावरण | २३३ | |
| ३ | महिला विकास | ७३४ | |
| ४ | भौतिक (उर्जा) | ८६५ | |
| ५ | शिक्षा तथा खेलकुद | ८५१८५ | |
| ६ | स्वास्थ्य | ३२०९१ | |
| जम्मा | | १२३२०० | |
| | शशर्त अनुदान | | |
| १ | बहुक्षेत्रीय पोषण योजना | १७२७ | |
| कुल जम्मा | | १२४९२७ | |

## समितिगत बजेट विनियोजन :

बजेट (रु. हजारमा)

| क्र.स. | शिर्षक | जम्मा | चालु | पुजीगत | पुजीगत बजेटको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९०८६.०२ | ८३६१.०२ | १०,७२५.०० | ५.४२ |
| २ | सामाजिक विकास | २३६५६३.२९ | १९५९१६.२९ | ४०,६४७.०० | २०.५६ |
| ३ | भौतिक पूर्वाधार विकास | १७९७९३.६६ | ५१८०८.६६ | १२७,९८५.०० | ६४.७२ |
| ४ | बन वातावरण विपद व्यवस्थापन | १७२१९.२३ | ५०६९.२३ | १२,१५०.०० | ६.१४ |
| ५ | शुसासन संस्थागत विकास | ८७२३.७९ | २४८३.७९ | ६,२४०.०० | ३.१६ |
| **जम्मा** | | ४६१३८६.०० | २६३६३९.०० | १९७,७४७.०० | १०० |

# समितिगत संक्षित कार्यक्रम तथा विनियोजित बजेट (रु. हजारमा)

| क.स. | क्षेत्र | आर्थिक विकास | सामाजिक विकास | भौतिक पूर्वाधार विकास | वातावरण तथा विपद व्यवस्थापन | शुसाशन तथा संस्थागत विकास |
|---|---|---|---|---|---|---|
| १ | कषि | १४२५ | | | | |
| २ | पशु विकास | १४५० | | | | |
| ३ | उधोग तथा उद्यमशिलता | २३५० | | | | |
| ४ | सहकारी | ६०० | | | | |
| ५ | पर्यटन | ४०० | | | | |
| ६ | सिचाई | ४५०० | | | | |
| ७ | वालवालिका लक्षित | | २३०० | | | |
| ८ | महिला विकास लक्षित | | १३१० | | | |
| ९ | दलित लक्षित | | ६०० | | | |
| १० | आदिवासी जनजाती लक्षित | | १०० | | | |
| ११ | अपांग लक्षित | | ६०० | | | |
| १२ | जेष्ठ नागरिक लक्षित | | २००० | | | |
| १३ | लोपोन्मुख लक्षित | | १०० | | | |
| १४ | गरिव लक्षित | | १०० | | | |
| १५ | मधेसी मुस्लीम लक्षित | | ६२५० | | | |
| १६ | यवा लक्षित लक्षित | | २०५० | | | |
| १७ | शिक्षा | | १०४८० | | | |
| १८ | स्वास्थ्य | | ६०७८ | | | |
| १९ | आयुर्वेद | | ११२० | | | |
| २० | ऐतिहासिक पुरातात्वीक | | ४०० | | | |
| २१ | खानेपानी सरसफाई | | ५००० | | | |
| २२ | सम्पूरक कोष | | २१५९ | | | |
| २३ | मर्मत संभार कोष | | | ५००० | | |
| २४ | सोलार जडान | | | ६५०० | | |
| २५ | कार्यांलय व्यवस्थापन तथा मेशिनरी औजार | | | २५०० | | |
| २६ | जिसिभि तथा मोटरसाईकल खरिद | | | ६३०० | | |
| २७ | एम्बुलेन्स खरिद | | | १५०० | | |
| २८ | ह्युप पाईप खरिद तथा जडान | | | २००० | | |
| २९ | गाउँपालिका भवन डिजाईन तयार गर्ने | | | १००० | | |
| ३० | ३ नं. वडा कार्यालयको भवनको बाकी भुक्तानी | | | १७०० | | |
| ३१ | अन्य पुर्वाधार विकास | | | ९१८८५ | | |
| ३२ | प्रदेश शशर्त अनुदान सभा हल निर्माण | | | ६००० | | |
| ३३ | प्रदेश शशर्त अनुदान खेलकुद मैदान निर्माण | | | ३६०० | | |
| ३४ | बातावरण व्यवस्थापन | | | | ७७०० | |
| ३५ | विपद् व्यवस्थापन | | | | ४४५० | |
| ३६ | संस्थागत विकास | | | | | ३१९० |
| ३७ | शुसासन | | | | | ३०५० |
| | **जम्मा** | १०७२५ | ४०६४७ | १२७९८५ | १२१५० | ६२४० |

# चालु शिर्षकमा भएको बजेट विनियोजन :

| **उपभोग खर्च** | बजेट | कुल बजेट |
|---|---|---|
| तलब कर्मचारी (कार्यालय तर्फ) | १०३६६९८०।२ | ४६०१७५२२ |
| तलब कर्मचारी (वडा स्तरमा रेहका) आदेश अनुसारको दरबन्दी) | ८५४३३४१।८ | |
| पदाधिकारी तलव भत्ता | १२६१०००० | |
| विषयगत समिति का कर्मचारी | ७५००००० | |
| सेवा तथा परामर्श खर्च | ६९९७२०० | |
| स्थानीय भत्ता | ३९६६४७८ | ३९६६४७८ |
| कानून व्यवसायि तथा अन्य विशेषज्ञ सेवा | ५००००० | ५००००० |
| **बैठक भत्ता** | | |
| कार्यपालिका बैठक भत्ता, यातायात तथा विविध खर्च | ७२४८०० | ३२१२८०० |
| वडा समिति बैठक भत्ता, यातायात  तथा विविध खर्च | २०८८००० | |
| विषयगत समिति अन्य विविध बैठक भत्ता तथा यातायात खर्च | ४००००० | |
| **जम्मा** | **५३६९६८००** | **५३६९६८००** |

***कार्यालय संचालन र सेवा खर्च :***

| शिर्षक | बजेट |
|---|---|
| कार्यालय घरभाडा | १५०००००।०० |
| गाडी भाडा | ८०००००।०० |
| पानी तथा विजुली महशुल | ३०००००।०० |
| संचार महशुल/ नेट समेत | ४०००००।०० |
| छपाई | १००००००।०० |
| कार्यालय संचालन खर्च | १९०००००।०० |
| सूचना विज्ञापन | ३०००००।०० |
| पत्रपत्रिका तथा पुस्तक | ५००००।०० |
| सवारी साधन विमा | १५०००।० |
| सार्वजनिक सुनुवाई कार्यक्रम | १५००००।०० |
| सवारी ईन्धन पदाधिकारी | ४०००००।०० |
| सवारी इन्धन कर्मचारी | ५०००००।०० |
| संचालन तथा मर्मत सम्भार | ९०००००।०० |
| सवारी साधन कर | १०००००।०० |
| ईन्धन तथा अन्य ईन्धन | ५००००।०० |

| | |
|---|---|
| पुरस्कार | ५००००।०० |
| सभा खर्च र गाउँ सभा भत्ता (गाउँ सभा २ पटक) | १००००००।०० |
| अनुगमन मुल्याकंन खर्च | ४०००००।०० |
| कार्यक्रम भ्रमण खर्च | ४४४०००।०० |
| पदाधिकारी भ्रमण खर्च | ५०००००।०० |
| सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५०००००।०० |
| अन्य कार्यक्रम खर्च | १२०००००।०० |
| *विविध खर्च* | ० |
| प्रतिनिधि मण्डल स्वागत खर्च रअथिति सत्कार | १६८०००।० |
| पर्वपूजा आजा | १०००००।० |
| अन्य विविध | १२०००००।० |
| अन्य सामाजिक  सहायता | ३०००००।०० |
| **जम्मा** | **१४३६२०००।००** |

## वडा कार्यालय तर्फ :

| शीर्षक | वडा संख्या | *बार्षिक* | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| *संचालन र सेवा खर्च* | | | | |
| वडा कार्यालय घरभाडा | ५ | ६०००० | ३०००००।०० | |
| पानी तथा विजुली महशुल | ८ | ३०००० | २४००००।०० | |
| संचार महशुल | ८ | ४८००० | ३८४०००।०० | |
| कार्यालय संचालन खर्च | ८ | ११०४०० | ८८३२००।०० | |
| छपाई (एकीकृत सम्पत्ती कर रसिद छपाई, नगदी आय लेखा रसिद छपाई, लेटर प्याट अन्य सिफारिस आदी) | ८ | २५०००० | २००००००।०० | |
| चिठठी पत्रहरु | ८ | ३००० | २४०००।०० | |
| पत्रपत्रिका तथा पुस्तक | ८ | २००० | १६०००।०० | |
| सवारी साधन विमा | ८ | ६००० | ४८०००।०० | |
| मर्मत तथा सम्भार | ८ | १५००० | १२००००।०० | |
| सवारी ईन्धन पदाधिकारी | ८ | ६०००० | ४८००००।०० | |
| सवारी इन्धन कर्मचारी | ८ | १८००० | १४४०००।०० | |
| विविध खर्च | ८ | ८४००० | ६७२०००।०० | |
| | | | **५३११२००।००** | |

| क.सं. | शिर्षक | बजेट |
|---|---|---|
| १ | शिक्षा (करार शिक्षक, पोषाक र भत्ता) | ३९,१२,००० |
| २ | स्वास्थ्य (महिला स्वयं सेविका प्रोत्साहन बजेट) | १४,३०,००० |
| **जम्मा** | | **५३४२०००.००** |